- लामो दूरीमा गाडीबाट ढुवानी गर्दा कागजको बाकस प्रयोग गर्न सकिन्छ। कागजको बाकस प्रयोग गर्दा बाकसको फल अटाउने क्षमता, थेग्न सक्ने क्षमता, प्लाई बाकसको तह र बाकसमा दोहोरो हावा खेल्न सक्ने कुरा मध्यनजर गर्नु पर्दछ। प्लाष्टिक क्रेटबाट पनि फल ढुवानी गर्न सकिन्छ।

### भण्डारण

ताजा तरकारी तथा फलफूलमा उत्पादनोपरान्त गरिने विभिन्न क्रियाकलापहरुमा २०-३० प्रतिशतसम्म क्षति भएको पाइन्छ। विशेषत नियमित रुपमा फलफूलको बजारमा उपलब्धता सुनिश्चित गर्न र मूल्य सन्तुलन कायम राख्न भण्डारण आवश्यक हुन्छ। निम्न किसिमहरुबाट सुन्तलालाई भण्डारण गर्न सकिन्छ :-

- कोल्ड स्टोर : कोल्ड स्टोरमा भण्डारण गर्दा भण्डारणको तापक्रम ८ देखि १० डिग्री सेल्सीयस र आद्रता ९० प्रतिशत कायम राख्नु पर्दछ।
- सेलार स्टोर : ६०० मी. देखि १४०० मी. सम्मको उचाई भएको ठाउँमा निर्माण गरिएको सेलार स्टोरमा सुन्तला भण्डारण गर्दा ठाउँ हेरी ६० देखि ९० दिनसम्म भण्डारण गर्न सकिन्छ। यसो गर्दा पनि २०-२५ प्रतिशत सम्म तौलमा क्षति हुन सक्ने हुँदा बजार भाउ राम्रो पाउनासाथ विक्रि गर्नु उचित हुन्छ। सेलार स्टोर भित्रको तापक्रम पनि ८ देखि १२ डिग्री सेल्सीयस र आद्रता ९० प्रतिशत कायम गर्नु पर्दछ।सेलार स्टोरमा भण्डारण गर्नु अघि टिपेका फललाई एक रात शीत नपर्ने ओभानो ठाउँमा राखी प्रि-कुलिङ गरेर भोलिपल्ट घाम उदाउनु अघि नै भण्डारणमा राखीसक्नु पर्दछ। सेलार स्टोरमा सुन्तलालाई भण्डारण गर्दा ऱ्याक तथा क्रेटमा राख्नु राम्रो हुन्छ। यसरी राख्दा फललाई तीन देखि चार तह भन्दा बढी तहमा राख्नु हुँदैन।
- शुन्य शक्ति भण्डारण : यो भण्डारणमा फलफूल हेरी सामान्यतया ३-४ हप्तासम्म फलफूललाई ताजा राख्न सकिन्छ। यसको निर्माणको लागि घाम नलाग्ने, ओभानो ठाउँको छनौट गर्नुपर्दछ। पहिला एक पत्र ईटा छाप्ने र त्यसमाथिबाट ४.५ फीट लम्बाई, ३ फीट ८ इन्च चौडाई र २.५ फीट उचाई हुने गरी एक ईट (४ इन्च) को गारो लगाउनुपर्छ। सो गारोको भित्रपट्टी ४ इन्च छोडी फेरी १ ईटको गारो चारैतिर लगाउने र दुई गारोको बीचमा मसिनो बालुवाले भर्नुपर्दछ। त्यसपछि भित्री भागमा बालुवाको एक पत्र राखेर त्यसमाथि क्रेटमा फलफूल राख्ने र दुई पर्खाल विचको बालुवालाई समय समयमा पानीले भिजाउने गर्नुपर्छ। पानी राख्दा बढी राख्नु हुँदैन। भण्डारणलाई बाँस वा निगालोको फ्रेम बनाई ढाकेर त्यसमाथिबाट पानीले भिजेको जुटको बोराले छोप्नुपर्छ। भण्डार निर्माण गरेको ठाँउ माथिबाट छतजस्तो गरी पराल वा खरको छाप्रो बनाउनुपर्छ। यसरी भण्डारण गरेको फलफूललाई दिनदिनै निरिक्षण गरी विग्रेका फल हटाउने काम पनि गर्नु पर्छ।

## ख) नेपालमा सुन्तलाको उत्पादन तथा बजार स्थिति

५० जिल्लाहरुमा व्यावसायिक रुपमा खेति गरिएका ८९८ व्यावसायिक पकेट क्षेत्रहरु छन् जसबाट आ.व. २०६५/६६ मा २४५५८६.०७ मे.टन सुन्तलाजात फलफूल उत्पादन भएको कृषि तथा सहकारी मन्त्रालयद्वारा प्रकाशित तथ्याङ्कमा उल्लेख गरिएको छ। देशको कुल ताजा फलफूल उत्पादनको ३५.२१ प्रतिशत सुन्तलाजात फलफूलको योगदान देखिन्छ।

| विकास क्षेत्र | जिल्ला संख्या | कुल क्षेत्रफल | उत्पादनशिल क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | ११ | ७१७०.६० | ५४८३.५ | ५४९२३.१७ | १०.०३ |
| मध्यमाञ्चल | १३ | ८५२६.९० | ५८२५.४५ | ६४८७३.५० | ११.१४ |
| पश्चिमाञ्चल | १३ | ९६५८.८० | ७१४६.५ | ७६०२३.८० | ११.०६ |
| मध्यपश्चिमाञ्चल | ८ | ३७३९.९० | २८४७.४ | २९२३०.३० | १०.०७ |
| सूदुरपश्चिमाञ्चल | १० | २८८५.३० | २१४० | २०५३५.३० | ९.०० |
| जम्मा | ५५ | ३१९८१.५० | २३४४२.८५ | २४५५८६.०७ | १०.४७ |




आ.व. २०६५/०६६ को तथ्याङ्क अनुसार नेपालमा सुन्तलाजात फलफूलको उत्पादकत्व १०.४७ मे.टन प्रति हेक्टर देखिएको छ जुन अन्य सुन्तलाजात फलफूल उत्पादन हुने देशहरुको औसत उत्पादकत्व ५० टन प्रति हेक्टर (विश्व खाद्य संगठन, २००४) को तुलनामा ज्यादै न्यून रहेको देखिन्छ।

### नेपालमा सुन्तलाको आयात निर्यात स्थिति

राष्ट्रिय प्लाण्ट क्वारेन्टिन कार्यक्रमद्धारा उपलब्ध गराइएको विवरण अनुसार नेपालमा आ.व. २०६३/६४ मा कुल १८१७ मे.टन., आ.व. २०६४/६५ मा कुल १८१७ मे.टन., आ.व. २०६५/६६ मा कुल ७४.२३ मे.टन. सुन्तला आयात गरिएको थियो। त्यसैगरि निर्यात तर्फ आ.व. २०६३/६४ मा कुल ३.०९ मे.टन., आ.व. २०६४/६५ मा कुल ३.०९ मे.टन.र आ.व. २०६५/६६ मा निर्यात नै नभएको देखियो। आ.व. २०६३/६४ र २०६४/६५ मा निर्यात गरिएको परिमाण मध्ये सबै सुन्तला कार्तिक देखि माघ सम्म निर्यात गरिएको र सो मध्ये कार्तिक महिनामा धेरै परिमाणमा निर्यात गरिएको देखिन्छ।




त्यसैगरि निकासी तथा व्यापार प्रवर्द्धन केन्द्रको आ.व. २०६५/६६ को प्रारम्भिक तथ्यांकले भारत तर्फ ११३ मे.टन ताजा सुन्तला, १०६४२ मे.टन जमेको सुन्तलाको जुस निर्यात भएको देखाउँछ। त्यसैगरि चीन तर्फ २.५ मे.टन सुन्तलाजात फलफूल, १४ मे.टन जमेको सुन्तलाको जुस निर्यात भएको देखिन्छ। त्यसैगरि आ.व. २०६५/६६ मा नेपालमा भारत लगायत विभिन्न देशहरु बाट ९४० मे.टन सुन्तला, २७२८ मे.टन सुन्तलाजात फलफूल र १०४ मे.टन सुन्तलाजातको जाम र १८१ मे.टन. सुन्तलाको जुस आयात गरिएको देखिन्छ।

### नेपाली बजारमा सुन्तलाको मूल्य स्थिति

कालीमाटी बजारमा २०६४/६५ देखि २०६६/६७ सम्मको पौष देखि बैशाख सम्मको तथ्यांकलाई हेर्दा औषत मूल्य बढ्दै गईरहेको देखिन्छ।




## ग) सुन्तलाको उत्पादन एवं बजार लागत तथा लाभ विश्लेषण

| क्र.सं. | बिवरण | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ | बर्ष ८ | बर्ष ९ | बर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क** | **बगैचा स्थापना खर्चको बिवरण** | ७७४५० | २१०५० | २१२५० | २१६०० | २४१५० | २४५०० | २४६०० | २५२०० | २७८०० | २७८०० |
| १ | किलाको लागि बांस र किला बनाउन | १२५० | | | | | | | | | |
| २ | बगैचा रेखाङकन | १००० | | | | | | | | | |
| ३ | बिरुवा लगाउने खाडल खन्न | १५००० | | | | | | | | | |
| ४ | मलखाद माटो मिलाउन र खाडल पुर्न | ६००० | | | | | | | | | |
| ५ | सुन्तला बिरुवा खरिद | १५००० | | | | | | | | | |
| ६ | कम्पोष्ट/गोठको मल | १८००० | १८००० | १८००० | १८००० | २०००० | २०००० | २०००० | २०००० | २२००० | २२००० |
| ७ | पिना, हाडको धुलो | १४१०० | | | | | | | | | |
| ८ | डि.ए.पि., युरिया, पोटास | १०५० | २७५० | २७५० | ३००० | ३४५० | ३८०० | ३८०० | ४४०० | ४९०० | ४९०० |
| ९ | कृषि चुना/जिप्सम धुलो | २१०० | | | | | | | | | |
| १० | बिषादि खरिद | १५० | ३०० | ५०० | ६०० | ७०० | ७०० | ८०० | ८०० | ९०० | ९०० |
| ११ | बिरुवा रोपन, टेका दिन, मल्चीङ गर्न | १८०० | | | | | | | | | |
| १२ | सिंचाई गर्न | २००० | | | | | | | | | |
| **ख** | **बागवानी औजार खरिद** | ३००० | ११०० | ६०० | २४०० | ० | ० | ० | ० | ० | ० |
| १ | सिकेचर, प्रुनिङ आरी, बागवानी चक्कु, फल टिप्ने क्लीपर | ३००० | ३०० | ६०० | ८०० | | | | | | |
| २ | फल टिप्ने झोला, पेष्ट गर्ने ब्रस, ग्रिट स्टोन | | ८०० | | १६०० | | | | | | |
| **ग** | **बगैचा ब्यवस्थापन औजार सामाग्री** | ६७०० | ४६७५ | १८५० | ६९५० | ० | १५०० | ० | ० | ० | ० |
| १ | बांसको भरयाङ, व्हील ब्यारो, दांते ऱ्याक | ८०० | २००० | | | | १५०० | | | | |
| २ | तौल गर्ने मेसिन, | १००० | | | | | | | | | |
| ३ | कोदालो, सावेल, खुर्पि | २४०० | ९०० | | | | | | | | |
| ४ | गम्बुट/एप्रोन/पंजा/टोपि/मास्क | १००० | | | | | | | | | |
| ५ | डोको/नाम्लो | १५०० | | | | | | | | | |
| ६ | प्लाष्टिक केट, बांस, जुटको डोरी | | १७७५ | १८५० | ६९५० | | | | | | |
| **घ** | **बाली संरक्षण सामाग्री** | ५४०० | २३८० | १६७५ | २०२५ | २३५० | २७३५० | २४५० | २७५० | २८५० | २९०० |
| १ | स्प्रेयर टङ्कि, पावर स्प्रेयर | ४५०० | | | | | २५००० | | | | |
| २ | निलोतुथो, घर पोत्ने चुना | ४०० | ८०० | ११७५ | १५२५ | १६०० | १६०० | १७०० | १७५० | १८५० | १९०० |
| ३ | प्लाष्टिक बाल्टी, प्लाष्टिक जग/मग, मिजरिङ सिलिण्डर | ५०० | १०८० | | | | | | | | |
| ४ | बोटमा छर्ने तेल | ० | ५०० | ५०० | ५०० | ७५० | ७५० | ७५० | १००० | १००० | १००० |
| **ङ** | **ज्यामि खर्चको बिवरण** | २२२०० | ३५१०० | २६५०० | २७१०० | २९२०० | ३३५०० | ३३९०० | ३६००० | ३६५०० | ३६९०० |
| १ | बगैचा गोडमेल गर्न | ८००० | १६००० | १६००० | १६००० | १६००० | २०००० | २०००० | २०००० | २०००० | २०००० |
| २ | बिषादि छर्न | २०० | ८०० | ८०० | ८०० | १२०० | १२०० | १२०० | १५०० | १५०० | १५०० |
| ३ | बोर्डो मिश्रण छर्न | | ४०० | ४०० | ६०० | ६०० | ६०० | ८०० | ८०० | ८०० | १००० |
| ४ | खनिज तेल र शुक्ष्म तत्व छर्न | | ४०० | ४०० | ६०० | ६०० | ६०० | ८०० | ८०० | ८०० | १००० |
| ५ | तालीम कांटछांट गर्न | | | ५०० | ७०० | ७०० | १००० | १००० | १००० | १५०० | १५०० |
| ६ | छापो दिन | १००० | २००० | २००० | २००० | २५०० | २५०० | २५०० | ३००० | ३००० | ३००० |
| ७ | बेसिन बनाउन र मलखाद दिन | | ६००० | ६००० | ६००० | ७००० | ७००० | ७००० | ८००० | ८००० | ८००० |
| ७ | बोर्डो पेष्ट बनाउन तथा लगाउन | | ४०० | ४०० | ४०० | ६०० | ६०० | ६०० | ९०० | ९०० | ९०० |
| ९ | सिंचाई पोखरी निर्माण: | | ९१०० | | | | | | | | |
| १० | मौरी घार | १०००० | | | | | | | | | |
| ११ | कम्पोष्ट खाडल बनाउने | ३००० | | | | | | | | | |
| **च** | **कुल जम्मा वार्षिक खर्च (क+ख+ग+घ+ङ)** | ११४७५० | ६४३०५ | ५१८७५ | ६००७५ | ६६७०० | ८६८५० | ६०९५० | ६३९५० | ६७१५० | ६७६०० |
| छ | जग्गा कर | १०००० | १०००० | १०००० | १०५०० | १०५०० | १०५०० | ११००० | ११००० | ११००० | १२००० |
| **ज** | **जम्मा खर्च (च+छ)** | १२४७५० | ७४३०५ | ६१८७५ | ७०५७५ | ७७२०० | ९७३५० | ७१९५० | ७४९५० | ७८१५० | ७९६०० |
| **क** | **आम्दानी तर्फ** | | | | | | | | | | |
| १ | अर्न्तबाली आम्दानी | ५००० | ७००० | ६००० | ५००० | ३००० | | | | | |
| २ | मह बिकि (औषत १५ के.जि.) | २८०० | ४५०० | ४५०० | ५२५० | ५२५० | ५२५० | ६००० | ६००० | ६००० | ७५०० |
| ३ | फल उत्पादन | | | | ६९२५० | १२९४९७ | १५२३५० | २६६६१२ | ४१५५०० | ६६४८०० | ९००२५० |
| **झ** | **जम्मा आम्दानी** | ७८०० | ११५०० | १०५०० | ७९५०० | १३७७४७ | १५७६०० | २७२६१२ | ४२१५०० | ६७०८०० | ९०७७५० |
| **ञ** | **बजार लागत** | १००० | ११०० | १२१० | ७३३१ | १६०६४ | ३१६७१ | ५२८३८ | ७६१२१ | १०३७३३ | १३४१०७ |
| **ट** | **कूल नाफा (झ-ञ)** | ६८०० | १०४०० | ९२९० | ७२१६९ | १२१६८३ | १२५९२९ | २१९७७४ | ३४५३७९ | ५६७०६७ | ७७३६४३ |
| **ठ** | **खूद नाफा (ट-ज)** | -११७९५० | -६३९०५ | -५२५८५ | १५९४ | ५५४८३ | २८५७९ | १४७८२४ | २७०४२९ | ४८८९१७ | ६९४०४३ |
| | **नाफा र लागतको अनुपात (B/C Ratio)** | ०.०५ | ०.१४ | ०.१५ | १.०२ | १.८४ | १.२९ | ३.०५ | ४.६१ | ७.२६ | ९.७२ |


सन्दर्भ सामाग्री :

- नेपालमा सुन्तलाजात फलफूलको विकास, ह्रास समस्या र व्यवस्थापन कार्यतालिका, राष्ट्रीय सुन्तलाजात फलफूल विकास कार्यक्रम, कीर्तिपुर, २०६७
- व्यावसायिक सुन्तला उत्पादन एवं उत्पादनोपरान्त प्रविधि, कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम, २०६४
- आय आर्जनका लागि सुन्तला खेती, गणपति पाण्डे, हाम्रो सम्पदा- राष्ट्रिय मासिक, वर्ष ११, अंक ३, २०६८ साल साउन
- कृषि बजार सूचना पत्रिका (वार्षिक विशेषाङ्क, २०६७), कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, हरिहरभवन, ललितपुर।
- MoAC 2011. Statistical Information on Nepalese Agriculture. Ministry of Agriculure and Cooperatives (MoAC), Agribuusiness Promotion and Statistics Division, Singh Durbar, Kathmandu, Nepal.




# सुन्तला उत्पादनको व्यावसायिक योजना




नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय
**कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम**
हरिहर भवन, ललितपुर
फोन: ०१-५०१०२९३, ५०१००२६ फ्याक्स: ०१-५५२४२२७
ई-मेल: agribizpromotionnepal@gmail.com, app@agribiz.gov.np



२०७०/७१